# सुइता सिटी बहुसांस्कृतिक वान स्टप परामर्श केन्द्र

## 2027 अप्रिलदेखि बच्चालाई होइकुएन वा योचिएन पठाउनका लागि आवेदन सुरु हुँदैछ।

### 2027 年 4 月からの保育所・幼稚園などの利用申し込みがはじまります

【बाल हेरचाह केन्द्र (होइकुशो) सम्बन्धमा】

आमाबुबा काममा जानुपर्ने, बिरामी हुने, गर्भवती हुने वा बच्चा जन्माउने समय जस्ता कारणले बच्चाको हेरचाह गर्न गाह्रो भएमा, होइकुएन आदि प्रयोग गर्न सकिन्छ।

■ बच्चाको उमेर

○ वर्षदेखि 2027 अप्रिल 1 सम्ममा 5 वर्षका बच्चाहरू।(संस्था अनुसार बच्चाको उमेर फरक हुन सक्छ।)

■ प्रयोग गर्न सकिने दिनहरू

सोमबारदेखि शुक्रबारसम्म(केही ठाउँमा शनिबार पनि प्रयोग गर्न सकिन्छ।)

■ प्रयोग गर्न सकिने समय

अभिभावकको अवस्थाअनुसार समय निर्धारण हुन्छ।

■ आवेदन दिने तरिका

- 2027 अप्रिलदेखि प्रयोग गर्न चाहनुहुन्छ भने,**2026 सेप्टेम्बर 25 शुक्रबारदेखि अक्टोबर 7 बुधबारसम्म** नगरपालिकाको वेबसाइटमा रहेको **बाल हेरचाह केन्द्र आदि प्रयोगका लागि आवेदन फारम【रेइवा 9 साल】**「保育所等の利用申込フォーム【令和 9 年度】 बाट आवेदन दिनुहोस्।
  ※ सिट संख्या भन्दा बढी आवेदन परेमा, प्रयोग गर्न नपाउन सकिन्छ।
- प्रयोग गर्न दिन मिल्ने वा नमिल्ने जानकारी 2027 जनवरीको अन्त्यतिर हुलाकमार्फत पठाइनेछ।

आवेदन दिने प्रक्रिया

अगस्ट 26(बुधबार) प्रकाशित

**होइकुएन आदि प्रयोग गर्नका लागि आवेदनसम्बन्धी जानकारी हेर्नुहोस्।**

नगरपालिकाको वेबसाइटमा आवेदनसम्बन्धी जानकारी प्रकाशित गरिन्छ।

हरेक आर्थिक वर्षका लागि छुट्टाछुट्टै जानकारी राखिएको हुन्छ, त्यसैले प्रयोग **गर्न** चाहेको महिनाको आर्थिक वर्षसँग सम्बन्धित जानकारी हेर्नुहोस्।

सेप्टेम्बर 25 शुक्रबारदेखि अक्टोबर 7 बुधबारसम्म

**आवेदन**

अनलाइनबाट आवेदन दिनुपर्ने हुन्छ। आवेदन दिनुअघि आवश्यक कागजातहरू तयार गरेर राख्नुहोस्।

कागजात बुझाएर आवेदन दिने व्यवस्था छैन, त्यसैले ध्यान दिनुहोस्।

**छनोट र प्रयोगको समायोजन**

पेस गरिएका कागजातका आधारमा बच्चालाई हेरचाह केन्द्रको आवश्यकता छ कि छैन भनेर जाँच गरिन्छ।

यदि सिट संख्याभन्दा धेरै आवेदन परेमा, तोकिएको मापदण्डअनुसार छनोट गरिन्छ।

जनवरीको अन्त्यतिर

नतिजाको जानकारी

बच्चालाई राख्न मिल्ने भए पनि नमिल्ने भए पनि, नतिजा हुलाकमार्फत पठाइनेछ।

स्वीकृत भएको पाएको

स्वीकृति नपाएको

अन्तर्वार्ता र स्वास्थ्य जाँच

प्रयोगको निर्णय र बाल हेरचाह शुल्क निर्धारण

प्रयोग सुरु गर्ने

**प्रयोग सुरु गर्न चाहेको महिनाको अर्को महिनादेखि हुने छनोट प्रक्रियामा दोस्रो छनोटमा समावेश गरिन्छ।**

**प्रयोग गर्न नमिलेको अवस्थामा पनि, एकपटक त्यस आर्थिक वर्षमा आवेदन दिएपछि, स्वीकृति नपाएसम्म वा आवेदन फिर्ता नलिएसम्म अर्को छनोट प्रक्रियामा स्वतः समावेश गरिन्छ। त्यसैले सोही आर्थिक वर्षभित्र फेरि आवेदन दिनु पर्दैन।**

सोधपुछका लागि AI च्याटबोट प्रयोग गर्नु सुविधाजनक छ।

होइकुएन आदि प्रयोगका लागि आवेदनसम्बन्धी सामान्य जानकारीका लागि AI **च्याटबोट** को व्यवस्था गरिएको छ। AI च्याटबोटले तपाईंका प्रश्नहरूको उत्तर दिन्छ। यसको प्रयोग गर्नुहोस्। बाल हेरचाह तथा किन्डरगार्टेन को कार्यालयमा गएर सल्लाह लिन चाहनुहुन्छ भने, भीडभाड कम गर्नका लागि एक दिन अगाडिसम्म LINE मार्फत समय बुक गर्नुहोस्।

यहाँ देखि समय बुक गर्नुहोस् ⇒

## 【किन्डरगार्टेनको बारेमा】

सुइता सिटीमा अभिभावकसँग बस्ने बालबालिकाले किण्डरगार्टेन लगायतका अन्य सुविधाहरू प्रयोग गर्न सक्छन्।अभिभावकले काम गरेको हुनुपर्ने जस्ता कुनै विशेष सर्तहरू छैनन्।

■ प्रयोग गर्न सकिने उमेर

2027 अप्रिल 1 तारिखसम्म 3, 4 वा 5 वर्ष उमेरका बालबालिकाहरू।(संस्थाअनुसार बालबालिकाले प्रयोग गर्न सक्ने उमेर फरक हुन सक्छ।)

■ प्रयोग गर्न सकिने दिनहरू

सोमबार देखि शुक्रबारसम्म(संस्थाअनुसार फरक हुन्छ।)

■ प्रयोग गर्न सकिने समय

संस्थाअनुसार फरक हुन्छ।

■ प्रयोग शुल्क

निःशुल्क (केही संस्थाहरूमा शुल्क लाग्छ।)

※ खाना, शैक्षिक सामग्री आदि खर्च भने छुट्टै तिर्नुपर्छ।

■ आवेदन दिने तरिका

・निजी किण्डरगार्टेनमा भर्ना हुन चाहनुहुन्छ भने, सम्बन्धित किण्डरगार्टेनमा सिधै आवेदन दिनुहोस्।

・नगरपालिकाको किण्डरगार्टेनमा भर्ना हुन चाहनुहुन्छ भने, अक्टोबर 1 (बिहीबार) देखि अक्टोबर 5 (सोमबार) सम्म सिटीको वेबसाइटमा रहेको इलेक्ट्रोनिक आवेदन प्रणालीमार्फत आवेदन दिनुहोस्।※ निर्धारित क्षमताभन्दा बढी आवेदन परेमा, प्रयोग गर्न नपाउने अवस्था हुन सक्छ। प्रयोग गर्न पाउने वा नपाउने जानकारी अक्टोबर 8 (बिहीबार) पछि सुइता सिटीको वेबसाइट र सम्बन्धित किण्डरगार्टेनमा सार्वजनिक गरिनेछ। प्रयोग गर्न पाउने बालबालिकाका अभिभावकलाई भर्ना स्वीकृत भएको पत्र हुलाकमार्फत पठाइनेछ।

■ वेबसाइट

थप जानकारीका लागि यहाँ हेर्नुहोस्।

https://www.city.suita.osaka.jp/kosodate/1018230/1018247/index.html

■ सम्पर्क

बालबालिका विभाग (Jido-bu), बाल हेरचाह तथा किण्डरगार्टेन शाखा (Hoiku Yochien-shitsu)

टेलिफोन : 06-6384-1592

यदि तपाई सँग कुनै प्रश्नहरू छन् भने, कृपया सुइता सिटी बहुसांस्कृतिक वन-स्टप परामर्श केन्द्रमा सम्पर्क गर्नुहोस्।